# दोर्दीगाउँपालिका
# (DORDI RURAL MUNICIPALITY)
# गाउँकार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executives)
नौथर ,लमजुङ (Nauthar, Lamjung)
गण्डकीप्रदेश ,नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)

पत्रसंख्या/Ref. No:२०८१/०८२
चलानीनं/.Dispatch No :

## समाज सेवी तथा बालमनोविज्ञ सूचीकृत हुन आउने सम्बन्धी २१ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८१/१०/२३**

बालबालिकाको अधिकार सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बनेको बालबालिका सम्बन्धी ऐन २०७५ को दफा (६२) को उपदफा (१) बमोजिम समाजसेवी तथा बाल मनोविज्ञ सूचीकरण हुने व्यवस्था रहेको र सोको कार्यान्वयन गर्ने गराउने व्यवस्थाका लागि बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ८३ (२) ले व्यवस्था गरे बमोजिम देहाय बमोजिमको योग्यता पुरा भएका समाजसेवी तथा बाल मनोविज्ञहरुलाई तोकिएको योग्यता पुरा भएको प्रमाण खुल्ने कागजातहरु सहित यस गाउँपालिकामा सूचीकृत हुनका लागि २१ दिनभित्र स्थानीय बाल अधिकार समितिमा निवेदन दिन यो सूचना प्रकाशित गरिएको छ ।

**सूचीकरणका लागि आवश्यक योग्यता**

१. नेपाली नागरिक,

२. नैतिक पतन देखिने फौजदारी अभियोगमा वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसुरदार नठहरिएको,

३. असल चरित्र भएको, बाल अधिकार तथा बाल संरक्षण प्रति संवेदनशील रहेको,

४. समाजसेवीको रुपमा सूचिकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तिर्ण गरेको र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तिमा एक महिना तालिम प्राप्त गरेको,

५. बालमनोविज्ञको रुपमा सूचीकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बालमनोविज्ञान सम्बन्धी कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको।

सूचीकरणका लागि आवश्यक कागजातहरु

१व्यक्तिगत विवरण

२.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

३.शैक्षिक योग्यता, तालिम तथा अनुभवका प्रमाणपत्रको प्रतिलिपि,

४.नैतिक पतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसुरमा अदालतबाट कसुरदार नठहरिएको स्वघोषणा, बाल अधिकार तथा बाल संरक्षण प्रति संवेदनशील भएको स्वघोषणा ।

२०८१/१०/२३

हेमराज काफ्ले

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत